# हरिपुर नगरपालिका

# राजपत्र

सर्लाही जिल्ला, मधेश प्रदेश,नेपाल

हरिपुर नगरपालिका प्रकाशित

बर्ष ४ अंक १२, २०७९ भाद्र १४ गते, मंगलबार

हरिपुर नगरपालिका, सर्लाही

## स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि , २०७७ (दोस्रो संसोधन)

नगरकार्यापालिका बाट मिति २०७९।०५।१२ मा स्वीकृत भएको स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०७७ (दोस्रो संसोधन) ,स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

हरिपुर नगरपालिका अन्तरगत संचालित सामुदायिक विद्यालयहरुमा शून्य शिक्षक दरवन्दी तथा उच्च शिक्षक विद्यार्थी अनुपातलाई मध्ये नजर गरी अपरिपूर्त शिक्षकको मागलाई पूर्ती गर्न स्वयम् सेवक शिक्षक छनौटको मापदण्ड निर्धारण, परीक्षा सञ्चालन, नियुक्ति तथा पदस्थापनालाइ व्यवस्थित, मर्यादित एवम् स्तरीय बनाउन र योग्य एवम् सक्षम जनशक्तिको छनौट गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यबिधि, २०७७ ( दोस्रो संसोधन) जारी गरिएको छ ।

# परिच्छेद - १

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम स्वयम् सेवक शिक्षक व्यवस्थापन (दोस्रो संसोधन) कार्यविधि, २०७७ रहेको छ र यो कार्यबिधि कार्यपालिकाले पारित गरेको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “पूर्व प्राथमिक विद्यालय” भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले हरिपुर नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) “नगरपालिका” भन्नाले नेपालको संविधान बमोजिम गठन भएको हरिपुर नगरपालिकालाई सम्झनु पर्छ ।

(घ) “धार्मिक विद्यालय” भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउादछ ।

(ङ) “छनौट समिति” भन्नाले नियम १८ बमोजिम गठन हुने स्वयम् सेवक शिक्षक छनौट समितिलाई सम्झनुपर्छ ।

(च) “प्रधानाध्यापक” भन्नाले शिक्षा नियमावली, २०५९ को नियम ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(छ) “प्रमुख” भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(झ) “व्यवस्थापन समिति” भन्नाले नगर शिक्षा ऐनको दफा १२ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ञ) “शिक्षा अधिकृत” भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ट) “शिक्षा शाखा” भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्नेविभागलाई सम्झनु पर्छ । (

ठ) “शिक्षक सेवा आयोग” भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरुको

नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

(ड) “प्राथमिक स्वयम् सेवक शिक्षक” भन्नाले नगरपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान  कोटामा नियुक्त भएको प्राथमिक तहमा अध्यापन गर्ने स्वयम् सेवक शिक्षक सम्झनुपर्छ ।

(ढ) “निम्न माध्यमिक स्वयम् सेवक शिक्षक” भन्नाले नगरपालिकाद्वारा व्यवस्थित कार्य पालिकाबाट स्विकृत अनुदान कोटामा नियुक्त भएको आधारभूत तह कक्षा ६-८ मा अध्यापन गर्ने स्वयम् सेवक शिक्षक  सम्झनुपर्छ ।

(ण) “माध्यमिक स्वयम् सेवक शिक्षक” भन्नाले नगरपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्विकृत अनुदान कोटामा नियुक्त भएको माध्यमिक तहमा अध्यापन गर्ने स्वयम् सेवक शिक्षक सम्झनुपर्छ ।

(त) “विषय विशेषज्ञ” भन्नाले स्वयम् सेवक शिक्षक छनौट परीक्षा सञ्चालनको लागि नगर पालिकाबाट सूचिकृत भएका प्राथमिक , निम्न माध्यमिक र माध्यमिक तहका शिक्षकहरु र स्रोत व्यक्तिलाई समेत सम्झनुपर्छ ।

(थ) “नगरसभा” भन्नाले संघिय कानून बमोजिम गठन भएको हरिपुर नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

# परिच्छेद - २

## <u>दरबन्दी सृजना, योग्यता र छनौट तथा नियुक्ति प्रक्रिया</u>

३. स्वयम् सेवक शिक्षकको अनुदान दरबन्दी सृजना गर्न सक्ने :

(१) नगरसभाबाट स्विकृत कार्यक्रम अनुसार नगरकार्यपालिकाले बालविकास, प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका स्वयम् सेवक शिक्षकहरुको अनुदान कोटा (दरबन्दी) सृजना गर्न सक्नेछ ।

(२) स्वयम् सेवक शिक्षकको कोटा (दरबन्दी) वितरण देहाय बमोजिमका मापदण्डको आधारमा वितरण गरिनेछ ।

(१) शून्य दरवन्दी भएको विद्यालयहरुलाई पहिलो प्राथमिकता दिने

(२) एकजना मात्र शिक्षक दरबन्दी भएको विद्यालयलाई थप गर्ने

(३) विद्यालयमा संचालित कक्षा, तह र विद्यार्थी संख्यालाई आधार लिई थप गर्दै जाने

(४) आधारभूत तह (६ (८) र माध्यमिक तह संचालित विद्यालयहरुको हकमा विषयगत दरबन्दीलाई समेत आधार लिई वितरण गरिनेछ ।

**४. स्वयम् सेवक शिक्षकको योग्यता तथा तालिम सम्बन्धि व्यवस्था :** नियम ३ बमोजिम सृजना भएका दरबन्दीमा नियुक्त हुने स्वयम् सेवक शिक्षकको योग्यता तथा तालिम देहाय बमोजिम हुनेछ :

**(१) प्राथमिक तह :**

क) मान्यता प्राप्त शिक्षण संस्थावाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको ।

ग) नेपाली नागरिकता प्राप्त गरेको,

(घ) स्थायी अध्यापन अनुमतिपत्र भएको ।

**(२) निम्न माध्यमिक तह** :

क) जुन विषयको परीक्षाामा सहभागि हुने हो सो विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट परीक्षा दिने विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) सामाजिक अध्ययन विषयको हकमा प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण गरेको,

ग) गणित-विज्ञान विषयको हकमा गणित र विज्ञान दुबै विषयहरु लिई प्रमाणपत्र तह वा सोसरहको परीक्षा उत्तीर्ण गरेको,

घ) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सोसरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको,

ङ) नेपाली नागरिकता प्राप्त गरेको,

(च) स्थायी अध्यापन अनुमतिपत्र भएको ।

**(३) माध्यमिक तह :**

क) जुन विषयको परीक्षाामा सहभागि हुने हो सो विषयमा मान्यता प्राप्त शिक्षण संस्थावाट परीक्षा दिने विषयमा स्नातक तह वा सोसरहको परीक्षा उत्तीर्ण गरेको,

ख) सामाजिक अध्ययन विषयको हकमा स्नातक तह वा सोसरह उत्तीर्ण गरेको,

ग) स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषयका लागि स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषयमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सोसरह उत्तीर्ण गरेको,

घ) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको वा शिक्षा शास्त्रमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको,

ङ) नेपाली नागरिकता प्राप्त गरेको,

(च) स्थायी अध्यापन अनुमतिपत्र भएको ।

तर, बुँदा नं. ४ (१) को घ, ४ (२) को च र ४ (३) को च मा जुन सुकै कुरा लेखिएको भए ता पनि स्थायी अध्यापन अनुमतिपत्र भएको व्यक्तिको आवेदन नपरी विद्यालयको पठनपाठन प्रभावित हुने अवस्थामा विज्ञान, गणित, अंग्रेजी, कम्प्यूटर, लेखा र अर्थशास्त्र विषयमा स्थायी अध्यापन अनुमतिपत्र नभएका व्यक्तिबाट पनि परीक्षाको लागि आवेदन लिन सक्ने छ र कम्प्यूटर विषयको हकमा १ बर्षे तालिम वा कोर्ष पुरा गरेको

हुनुपर्ने छ ।

**५. उम्मेदवारको लागि अयोग्यता : देहायका व्यक्तिहरू स्वयम् सेवक शिक्षक अनुदान पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैनन** :

(क) गैर नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर नपुगेको,

(ग) ४० वर्ष उमेर पूरा भएको,

(घ) मगज बिग्रेको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको, भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(च) तालिम नलिएको,

(छ) खण्ड “ग” मा जुनसुकै कुरा उल्लेख भए तापनि यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुका लागि यो कार्यविधि लागु भएपछि हुने पहिलो पटकको परीक्षामा उमेरको हद ( एक पटकको लागि मात्र ) लाग्ने छैन ।

६. पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकृया : परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकृया शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

७. स्वयम् सेवक शिक्षक छनौट समिति : स्वयम् सेवक शिक्षक नियुक्तिको लागि सिफारिस गर्न विद्यालयमा देहाय बमोजिमको एक छनौट समिति रहनेछ :

| | |
|---|---|
| क) सम्बन्धित विद्यालयका वि.व्य.स.का अध्यक्ष : | - संयोजक |
| ख) विषय विज्ञ २ जना : | - सदस्य |
| ग) शिक्षा शाखा प्रमुख : | - सदस्य |
| (घ) प्रधनाध्यापक : | -सदस्य सचिव |

**८. स्वयम् सेवक शिक्षकको पदपूर्ति देहाय बमोजिम गरिनेछ :**

(१) स्वयम् सेवक शिक्षकको पदपुर्ती तोकिएको योग्यता पुगेका उम्मेदवारहरु विच खुला प्रतियोगितात्मक परीक्षाद्वारा गरिनेछ ।

**९. स्वयम् सेवक शिक्षकको छनौट सम्बन्धि व्यवस्थाः स्वयम् सेवक शिक्षक छनौट सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :**

१. विद्यालयले स्वयम् सेवक शिक्षक छनौट गर्न कम्तीमा १५ दिनको म्याद दिई सार्वजनीक सुचना प्रकाशन गर्नुपर्ने छ ।

२. स्वयम् सेवक शिक्षक नियुक्तिकालागि सूचिकृत विषय विज्ञहरुबाट गोप्य तरिकाले प्रश्नपत्र निर्माण गरी परीक्षा लिनुपर्ने छ ।

३. योग्यता पुगेका ईच्छुक उम्मेदवारले तोकिएको ढाँचामा फारम भरी सम्बन्धित विद्यालयम तोकिएको म्यादभित्र बुझाउनु पर्नेछ ।

४. शिक्षक सेवा आयोगले प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको खुला प्रतियोगितात्मक परीक्षाका लागि निर्धारण गरेको लिखित परीक्षाको प्रथम पत्र र मौखिक परीक्षा पद्धति अनुरुप स्वयम् सेवक शिक्षकहरुको छनौट हुनेछ ।

५. स्वयम् सेवक शिक्षकको परीक्षा शिक्षक छनौट समितिले तोकको मिति र स्थानमा संचालन गरिनेछ ।

**१०. स्वीकृत नामावलीको सूची टाँस गर्नु पर्ने :** सम्बन्धित विद्यालयले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारको नामावलीको सूची तयार गरी सूचना पाटीमा टाास गर्नु पर्नेछ ।

**११. परीक्षा हुने मिति, समय र केन्द्र :** शिक्षक छनौट समितिले तोकेको मिति, समय र केन्द्रमा परीक्षा सञ्चालन हुनेछ ।

**१२. परीक्षाको दस्तुर :** शिक्षक सेवा आयोगले लिने दस्तुरमा नवढ्ने गरी विद्यालयले तोके बमोजिमको हुनेछ ।

**१३. परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क :** (१) स्वयम्सेवक शिक्षकको लागि लिइने प्रतियोगात्मक परीक्षाको पूर्णाङ्क देहाय बमोजिम हुनेछः

**(क) लिखित परीक्षाको पूर्णाङ्क देहाय बमोजिमको हुनेछ ।**

१) लिखित परीक्षाको पूर्णाङ्क :- १०० अंक

| परीक्षाको किसिम | प्रश्न संख्या | अंकभार | जम्मा |
|---|---|---|---|
| वस्तुगत परीक्षा | २० | २ | ४० |
| विषयगत परीक्षा | ६ | १० | ६० |
| | | जम्मा | १०० |

वस्तुगत प्रश्नमा प्रति गलत उत्तरको ०.२ का दरले अंक कट्टा गरिनेछ ।

**(२) अन्तरवार्ताको पूर्णाङ्क :- ४०**

**<u>अन्तरवार्ताको अंक :</u>**

**भौगोलि क्षेत्र जम्मा १० :** (मधेश प्रदेश - ५, सर्लाही जिल्ला- ८ र हरिपुर न.पा.- १०)

**शैक्षिक योग्यता - १५ :** ( न्यूनतम प्रथम- १०, द्धितिय- ८ र तृतिय- ५ र माथिल्लो योग्यता - ५,४ र ३)

**अनुभव - ५ :** ( सामुदायिक विद्यालयमा कार्यरत शिक्षकका लागि प्रति बर्ष १ का दरले वढीमा ५ अंक दिइनेछ । )

**अन्तरवार्ता**- १० -

**कक्षा अवलोकन :- १०**

**१४. सफल उम्मेदवारको सूची प्रकाशन गरिने :** (१) लिखित र प्रयोगात्मक परीक्षा लिइएकोमा सो परीक्षा समेतबाट उत्तीर्ण भई सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्येबाट आवश्यक पद संख्यामा शिक्षक सेवा आयोगले तोके बमोजिमको अनुपातमा उत्तीर्ण उम्मेदवारहरू थप गरी अन्तरवार्ताको लागि उम्मेदवारको नाम वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ ।

**१५. अन्तरवार्ता सम्बन्धि व्यवस्था :** (१) नियम १३ बमोजिम प्रकाशित सूचनामा उल्लेखित उम्मेदवारको अन्तर्वार्ता लिनको लागि छनौट समितिको संयोजकको अध्यक्षतामा अन्तरवार्ता समिति गठन गर्ने र आवश्यक परेमा समितिको कुनै सदस्यको संयोजकत्वमा तीन सदस्यीय अन्तरवार्ता उपसमिति गठन गर्न सक्नेछ ।

**१६. अन्तवार्ताको अङ्क :** अन्तर्वार्ताको लागि छुट्याइएको ४० अङ्क देहाय बमोजिम दिइनेछः

**क) भौगोलिक क्षेत्र** :- १० अंक - अन्तवार्ता परीक्षााको लागि मधेश प्रदेशको स्थायी वासिन्दा भएको उम्मेदवारलाई ५ अंक, सर्लाही जिल्लाको स्थायी वासी भएको उम्मेदवारलाई ८ अंक र हरिपुर नगरपालिका क्षेत्रको स्थायी वासिन्दा भए १० अंक प्रदान गरिनेछ ।

**ख) शैक्षिक योग्यता** :- १५ अंक - सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणीको भए १०, द्धितिय ८ र तृतिय ६ अंक प्रदान गरिनेछ ।

माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणीको भए ५, द्धितिय श्रेणीको भए ४ र तृतिय श्रेणीको भए ३ अंक प्रदान गरिने छ । - कुनै उम्मेदवारको माथिल्लो शैक्षिक योग्यता एक भन्दा वढी भएमा उम्मेदवारले चाहेको तहको शैक्षिक योग्यता पेश गर्न सक्नेछ ।

**ग) अनुभव** :-५ अंक ( सामुदायिक विद्यालयमा अध्यापन गरेका उम्मेदवारहरुलाई प्रतिबर्ष १ अंकको दरले वढीमा ५ अंक प्रदान गरिनेछ )

**घ) अन्तवार्ता** :- १० अंक ( ७० प्रतिशत भन्दा वढी र ४० प्रतिशत भन्दा कम दिनुपरेमा प्रतिवेदन पेश गर्नुपर्ने छ ।)

**ङ) कक्षा अबलोकन** :- १० अंक : लिखित परीक्षामा सामेल भएका उम्मेदवारहरु मध्ये लिखित परीक्षा उतीर्ण गरेको उम्मेदवारको हकमा कक्षा अवलोकन गरिनेछ , कक्षा अवलोकनका लागि विषय वस्तुको ज्ञान भएको -३ अंक, सिकाई सहजिकरण शैली - २ अंक, शिक्षण सामाग्रीको प्रयोग - ३ अंक र मूल्याकंन सीप - २ अंकको हुनेछ ।

**१७. योग्यताक्रम प्रकाशित गर्ने :**

(१) लिखित र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल भएका उम्मेदवारले अन्तरवार्तामा प्राप्त गरेको अङ्क जोडी सबै परीक्षाबाट सफल भएका उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ । त्यसरी सिफारिस गर्दा उपलब्ध भएसम्म रिक्त पद संख्याको दश प्रतिशतले हुने संख्या उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नु पर्नेछ ।

(२) एक भन्दा बढी तहमा सफल हुने उम्मेदवारलाई माथिल्लो तहको लागि मात्र सिफारिस गरिनेछ ।

**१८. नियुक्ति दिने :** शिक्षक छनौट समितिद्धारा सिफारिस गरिएको उम्मेदवारको सार्वजनिक सूचना प्रकाशित भएको मितिले सात दिन भित्र नियुक्ति लिनु पर्नेछ । कुनै मूल उम्मेदवारले नियुक्ति १५ दिन भित्र नलिएमा, वैकल्पिक उम्मेदवारलाई नियुक्त गरिने छ ।

१९. छनौट समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) दरखास्त फारमहरु दर्ता तथा संकलन गर्ने/गराउने

ख) लिखित परीक्षाका लागि निर्माण गरिएको प्रश्नपत्र गोप्यता कायम राख्ने

ग) लिखित परीक्षा संचालन गर्न आवश्यक परीक्षा केन्द्र र जनशक्तिको ब्यवस्था गर्ने

घ) मर्यादित ढंगले लिखित परीक्षा संचालन गर्ने/गराउने

ङ) लिखित परीक्षाको उत्तरपुस्तिका शिक्षक सेवा आयोगको परीक्षण विधि अनुसार परीक्षण गराउने

च) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने

छ) अन्तरवार्ताको कार्यक्रम प्रकाशन गर्ने तथा अन्तरवार्ता लिने

ज) लिखित र अन्तरवार्ताको अन्तिम नतिजा प्रकाशन गर्ने

झ) नियुक्तिका लागि सिफारिस गर्ने

ञ) छनौट प्रक्रियामा कुनै द्धिविधा उत्पन्न भएमा शिक्षक सेवा आयोग कार्यविधिको अवलम्बन गर्ने

**२०. स्वयम् सेवक शिक्षकको पदस्थापना:** उम्मेदवारको नियुक्ति सिफारिसको योग्यताक्रम, अनुभव, शैक्षिक योग्यत, विद्यालयको आवश्यकता तथा विशिष्टताका आधारमा तोकिएको कार्य क्षेत्रमा नगरकार्यपालिकाको निर्णय बमोजिम स्वयम् सेवक शिक्षकको पदस्थापना गरिनेछ ।

**२१. निर्वाह खर्च उपलब्ध गराईने :**

(१) हरिपुर नगर सभाले विनियोजन गरेको स्वयम् सेवक शिक्षक अनुदान शिर्षकको अधिनमा रही नगर कार्यपालिकाको निर्णयानुसार पदस्थापना गरिएको स्वयम् सेवक शिक्षकहरुको लागि निर्वाह खर्च तत् विद्यालयमा अनुदान स्वरुप उपलब्ध गराइनेछ र विद्यालयल सो रकमबाट स्वयम् सेवक शिक्षकको निर्वाह खर्च बाहेक अन्य क्षेत्रमा खर्च गर्न पाउने छैन । निर्वाह खर्च वापतको रकम विद्यालयलाई तपसिल अनुसार अनुदान उपलब्ध गराईने छ ।

हरिपुर नगरपालिका, सर्लाही

**तपसिल**

१. वालविकास सहजकर्ता :- ८,०००।००

२. प्रा.वि. तह :- १५,०००।००

३. नि.मा.वि. तह :- २०,०००।००

४. मा.वि. तह :- २५,०००।००

(२) स्वयम् सेवक शिक्षकको नियुक्ति प्रक्रिया सम्बन्धि खर्च स्वयम् सेवक शिक्षकको प्रोत्साहन अनुदान अन्तर गत विनियोजित शिर्षकबाट शिक्षक सेवा आयोगको स्विकृत नर्म्सको बमोजिम खर्च गरिनेछ ।

२२. धार्मिक तथा पूर्व प्राथमिक विद्यालयलाई कार्यपालिकाले तोके बमोजिम शिक्षण सहयोग अनुदान एकमुष्ठ उपलब्ध गराइन सकिनेछ ।

# परिच्छेद - ३

**विविध**

**२३. स्वयम् सेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सकिने :** संघिय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरबन्दी प्राप्त भएमा वा विद्यालयमा पर्याप्त शिक्षक भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा नगरपालिकाले स्वयम् सेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सक्ने छ ।

- स्वयम् सेवक शिक्षले वर्ष भरिमा वढीमा ६ दिन भैपरी आउने विदा पाउने छ ।
- स्वयम् सेवक शिक्षकसंग करार सम्झौता गर्दा वढीमा ६ महिनाको लागि गरिनेछ र कार्यसम्पादन सन्तोषजनक देखिएमा शिक्षा शाखाको समन्वयमा एक पटकमा ६ महिना नवढ्ने गरी म्याद थप गर्न सकिनेछ ।

**२४. प्रचलित कानून लागू हुने :** प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम हुनेछ ।

२५. **खारेजी :** नगरसभाले यो कार्यविधि जुनसुकै बखत खारेज गर्न सक्नेछ ।

**२६. अन्तिम ब्याख्या:** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा हुन गएमा नगरकार्यपालिकाले गरेको ब्याख्या अन्तिम हुनेछ ।

आज्ञाले
दिवाकर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

हरिपुर नगरपालिका, सर्लाही